नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः १ आश्विन २०८३

प्रतिवेदन नं : २०

### व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको

| विषय | मुख्य विवरण |
|---|---|
| मुख्य सहयोगी संस्था | **Jhpiego Corporation Nepal** बाट ५८,१४६ इकाइ औषधि तथा स्वास्थ्य सामग्री प्राप्त |
| प्रमुख प्राप्त सामग्री | Amlodipine ७,५००, Metformin ५,०००, Losartan ५,०००, Sitagliptin + Metformin ४,०००, Iron & Folic Acid ३,०००, Paracetamol २,०००, Flucloxacillin २,०००, Doxycycline २,०००, Acelofenac २,००० लगायत |
| **NCD** सम्बन्धी औषधि | Metformin, Losartan, Amlodipine, Sitagliptin + Metformin, Empagliflozin लगायतका NCD औषधि प्राप्त |
| वितरण गरिएको | नेपाल एपीएफ अस्पतालमा ९,७२० इकाइ औषधि तथा स्वास्थ्य सामग्री पठाइएको |
| मुख्य वितरण सामग्री | Syringe 3ml/5ml/10ml ६,०००, Amoxicillin + Clavulanic Acid १,०००, IV Set ५००, Surgical Gloves ५००, Diclofenac Gel ४०० लगायत |
| हालको मौज्दात | २०८३/०५/३१ साँझ ५ बजेसम्म स्वास्थ्य सेवा विभागमा विभिन्न ३०० भन्दा बढी प्रकारका औषधि तथा स्वास्थ्य सामग्री मौज्दात रहेको |

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा


- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- होल्डिङ सेन्टर र सेल्टरहरुबाट गत २४ घण्टामा कुल ३ वटा केस रिपोर्ट भएका छन्:
    - ३ वटा Fever
    - ० वटा Fever with Cough
    - ० वटा Fever with Rash
    - ० वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको


- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।


## मनोसामाजिक परामर्श

- नुवाकोट, रसुवा, काठमाडौं, धादिङ्गका २९ वटा होल्डीङ्ग केन्द्रमा सम्पूर्ण बाढी प्रभावितलाई MHPSS तथा PFA सेवा प्रदान गरिएको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- बाढी प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्पन्न मनोपरामर्श दाताहरूको आचार संहिता निर्माण गरिएको छ ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।


## १. मनोसामाजिक परामर्श











२. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोली परिचालन:



## परिवार कल्याण महाशाखा

- नुवाकोट जिल्लामा ५ वर्षमुनिका बालबालिकाको कुल MUAC स्क्रिनिङ विवरण तल प्रस्तुत गरिएको छ।
- हाल किस्पाङ गाउँपालिका, ताराकेश्वर गाउँपालिका र बेलकोटगढी नगरपालिकामा स्क्रिनिङ कार्य भइरहेको छ। विदुर नगरपालिकामा समुदायस्तरीय स्क्रिनिङ अझै सुरु भएको छैन, छिट्टै सुरु गर्ने योजना रहेको छ।

| स्थानीय तहको नाम | कुल स्क्रिनिङ भएका बालबालिका | बालक | बालिका | MAM | SAM | गर्भवती | सुत्केरी |
|---|---|---|---|---|---|---|---|
| बेलकोटगढी | ७५३ | ४१७ | ३३६ | ११ | ० | ५४ | ८८ |
| ताराकेश्वर | ३६४ | १९४ | १७० | ० | ० | १८ | १६ |
| किस्पाङ | २३८ | १२७ | १११ | ० | ० | ० | ४७ |
| **जम्मा** | **१३५५** | ७३८ | ६१७ | ११ | ० | ७२ | १५१ |

- ६–५९ महिनाका सबै बालबालिकालाई बहुसूक्ष्म पोषक तत्व पाउडर (MNP) वितरण गरिएको छ।
- स्वास्थ्यकर्मीमार्फत सबै गर्भवती तथा सुत्केरी महिलालाई शिशु तथा बाल पोषण (IYCF) सम्बन्धी परामर्श प्रदान गरिएको छ।
- नुवाकोट जिल्लाका सबै स्थानीय तहमा RUTF उपलब्ध छ।
- किस्पाङ गाउँपालिकामा वर्ल्ड भिजन इन्टरनेशनलको सहयोगमा समुदायस्तरीय स्क्रिनिङ सञ्चालन गरिएको छ। त्यसैगरी बेलकोटगढीमा प्लान र ताराकेश्वरमा एड्रा नेपालको सहयोगमा स्क्रिनिङ भइरहेको छ।
- सबै स्थानीय तहमा युनिसेफको तर्फबाट प्राविधिक सहयोग (स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण) प्रदान गरिएको छ।
- विदुर नगरपालिकामा PHRD नेपालको सहयोगमा स्क्रिनिङ सञ्चालन गर्ने योजना रहेको छ।

## खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग )VPD) निगरानी अद्यावधिक:

- रसुवा र नुवाकोटका बाढी प्रभावित सबै पालिकामा **हैजाविरुद्धको खोप (OCV) अभियान सञ्चालन भइरहेको।**
- स्वास्थ्यकर्मी, उद्धार टोली तथा घाइते व्यक्तिहरूका लागि **टिटानस–डिफ्थेरिया (Td) खोप** तथा अग्रपंक्तिका प्रतिकार्यकर्तालाई आवश्यक प्राविधिक सहयोग प्रदान भइरहेको।
- **आजको दिनसम्म रसुवामा १५०१९ र नुवाकोटमा ४०७५३ जनाले OCV खोप लिएका (क्रमशः ४८% र ५३% कभरेज)।**

| Districts | Municipality Name | Vaccination Progress: 1 – 5 years Female | 1 – 5 years Male | 5 years and above Female | 5 years and above Male | Total | Sum Total (%) |
|---|---|---|---|---|---|---|---|
| Rasuwa | Gosaikunda Rural Municipality | 82 | 91 | 1314 | 1188 | 2675 | 15019 (48) |
| | Uttargaya Rural Municipality | 116 | 108 | 1647 | 1346 | 3217 | |
| | Amachodigmo Rural Municipality | 129 | 178 | 1418 | 1387 | 3112 | |
| | Kalika Rural Municipality | 216 | 225 | 3001 | 2573 | 6015 | |
| Nuwakot | Bidur Municipality | 926 | 1033 | 16158 | 13877 | 31994 | 40753 (53) |
| | Belkotgadhi Municipality | 151 | 173 | 2462 | 1895 | 4681 | |
| | Kispang Rural Municipality | 38 | 44 | 948 | 908 | 1938 | |
| | Tarkeshwor Rural Municipality | 36 | 45 | 1150 | 909 | 2140 | |

- नुवाकोट र रसुवामा **MR खोप अभियानका लागि तयारी** तथा धादिङ, चितवन र गोरखाका बाँकी प्रभावित वडामा OCV अभियान सञ्चालनका लागि तयारी कार्य अघि बढाइएको।
- WHO र UNICEF बाट नियमित खोप सत्रको अनुगमन, OCV/Td अभियानको सुपरिवेक्षण तथा अभियानपश्चात् तथ्याङ्क व्यवस्थापनमा निरन्तर प्राविधिक सहयोग भइरहेको।



*OCV अभियानसम्बन्धी छलफल बैठक; OCV अभियानमा WHO-IVD SIMO तथा UNICEF द्वारा सहयोग; नुवाकोट स्वास्थ्य कार्यालयको टोलीद्वारा किस्पाङ गाउँपालिकास्थित मनकामना स्वास्थ्य चौकीमा सुपरिवेक्षण भ्रमण; नुवाकोट स्वास्थ्य कार्यालयका कोल्ड चेन अधिकृतद्वारा खोपको कोल्ड चेन अवस्थाको अनुगमन।*

## अनुसुची

**SORMAS** को **Daily Surveillance Report Module** मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोग भएका होल्डिङ सेन्टरहरु

३१ भाद्र १:०० देखि १ आश्विन १२:५९ सम्म

### Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period, plus centres the registry holds at a population of 0.

| | Population | 16 Sep | Total |
|---|---|---|---|
| Bhimsensthan Secondary School | 38 | 3 | 3 |
| Simle Basic School | 0 | N/A | 0 |